जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १४ २०८० साल साउन १७ गते बुधबार (2 Aug. 2023 Wednesday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुशासन र समुन्नतिको प्रचण्ड. ३ पृष्ठमा : स्तनपान सप्ताह : छ महिनासम्म ... ३ पृष्ठमा :सधैं मागेर निर्वाह हुँदैन :

## वैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट थानसिंह भंसाली सम्मानित
## मैथिली गीत गायनतर्फ कञ्चन झा पुरस्कृत







**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली यस वर्षको वैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित भएका छन् ।

३१ औं प्रकाश स्मृती दिवस बैध-प्रकाश मानवअधिकार दिवसको अवसरमा मंगलबार राजविराजमा आयोजित समारोहमा उनलाई राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहिर ठाकुरले सो पुरस्कारबाट सम्मानित गरेका हुन् ।

यस्तै यस वर्षको उर्मिला देवी मैथिली गीत गायन पुरस्कार राजविराज ४ निवासी कञ्चन झालाई प्रदान गरिएको छ ।

प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाद्वारा भाइ बुहारी उर्मिलादेवी झाको स्मृतिमा स्थापित पुरस्कारबाट मैथिली लोकगीत गायिका कञ्चन झालाई पुरस्कृत भएकी हुन् ।

यसअघि कार्यक्रममा सहभागि वक्ताहरुले मानवअधिकारको संरक्षण गर्नुपर्नेमा उल्टै मधेश प्रदेशमा मानवअधिकार उलंघनका घटना बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका केन्द्रिय सदस्य मिहीर कुमार ठाकुरले मानवअधिकार उलंघन गर्नेलाई छानबिन र कारवाही मात्रले नपुग्ने भन्दै यो प्रकृतीलाई नैं कसरी रोक्न सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक रहेको बताए ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले मधेश प्रदेशमा मानवअधिकार उलंघनका घटना बढीरहेको बताउँदै सोमबार इन्सेक सप्तरीका प्रतिनिधि तथा पत्रकार मनोहर कुमार पोखरेलमाथी प्रहरीद्वारा भएको कुटपिट, जनकपुरमा दाइजोको निहुमा आरतीको हत्या, बारामा डिएसपीले आदेश गरेर दुई जनामाथी गरिएको कुटपिट मानवअधिकार उलंघनको दुःखद अवस्था रहेको बताए ।

राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशकी प्रमुख मन्जु खतिवडाले मधेश प्रदेशका हरेकजसो जिल्लामा मानवअधिकारको उलंघन भइरहेको बताइन् ।

कोषका संस्थापक प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परबिन, जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनरायण साह लगायतले पनि मानवअधिकार संरक्षणका लागि आफूहरुले सहयोगको प्रतिबद्धता व्यक्त गरेका छन् ।

## एक रुँपैया पनि भ्रष्टाचार नगर्ने मन्त्रि समिमको प्रतिबद्धता




**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

मधेश प्रदेशका नवनियुक्त गृह संचार तथा कानुन मन्त्रि मो. समिमले एक रुँपैया पनि भ्रष्टाचार नगर्ने प्रतिबद्धता जनाएका छन् ।

मंगलबार राजविराजमा नेपाली काँग्रेस सप्तरीद्वारा उनको सम्मानमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

उनले आफूले पाएको मन्त्रालय अन्य मन्त्रालय भन्दा धेरै संवेदनशिल र महत्वपूर्ण रहेकोले आफूले प्राप्त गरेको जिम्मेवारी चुनौती र अवसरको रुपमा लिएको बताए ।

नवनियुक्त मन्त्री समिमले आफूले एक रुँपैया पनि भ्रष्टाचार नगर्ने तथा अरुलाई पनि गर्न नदिने दाबीका साथ उनले यो मन्त्रालयबाट हुने सबै खालको गतिविधी र सेवा प्रवाह पारदर्शी र जनहीतमा अघि बढ्ने प्रतिबद्धता समेत उनले जनाए ।

सप्तरीको क्षेत्र नं. ३ को क बाट प्रदेशसभा सदस्यमा काँग्रेसबाट निर्वाचित उनले संगठन बलियो बनाउन कुनै गुट-उपगुटमा

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकार एवं अधिवक्ता पोखरेलमाथी प्रहरीले गरेको कुटपिटको घटनाप्रति दुबै बारको आपत्ति

**दैनिक समाचारदाता**
**राजविराज, १६ साउन ।**

सप्तरी जिल्ला बार इकाई राजविराज र राजविराज उच्च अदालत बार एशोसिएशन सप्तरीले पत्रकार तथा अधिवक्ता मनोहर पोखरेलमाथी प्रहरीले गरेको दुरर्व्यहार तथा कुटपिटको घटनाप्रति आपत्ति जनाएको छ ।

सप्तरी जिल्ला बार इकाईका अधयक्ष रामप्रसाद चौधरी र राजविराज उच्च अदालत बार एशोसिएशनका अध्यक्ष भरत यादवद्वारा मंगलबार जारि संयुक्त विज्ञप्तिमा अधिवक्ता पोखरेलको सिघ्र स्वास्थ्य लाभको कामना गर्दै जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत असई राजेश्वर महतोलाई कारवाहीको माग गरिएको छ ।

विज्ञप्तिमा असई महतोले आफ्नो पदीय मर्यादा, जिममेवारी र मानवीय संवेदनमा समेत विपरित गरेको उक्त निकृष्ठ कार्यले हाल र भविष्य समेतमा सप्तरीवासीलाई नकारात्मक असर पर्न जाने हुँदा घटनाको घोर भर्त्सना गरिएको छ । सोही विज्ञप्तिमा असई महतोलाई तत्काल निलम्ब गरि अविलम्ब कानुन बमोजिमको कारवाही गर्न माग गरिएको छ ।

यस्तै प्रगतिशिल तथा पेशागत कानुन व्यवसायी संगठनले पनि एक विज्ञप्ति जारि गर्दै अधिवक्ता पोखरेलमाथी प्रहरीले गरेको कुटपिटको घटनाबारे गम्भिर ध्यानकर्षण भएको जनाएको छ ।

संगठनका प्रदेश प्रमुख सुजित कुमार पोखरेलद्वारा जारि विज्ञप्तिमा कुटपिट गर्ने प्रहरीलाई विभागिय कारवाही गर्न माग गरिएको छ ।

**स्तनपानः बालबालिकालाई वरदान**

- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, संवेगात्मक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।
- बजारमा पाइने प्याकेट दुध वा फर्मुला आमाको दुधजस्तो पोषिलो हुँदैन ।

त्यसैले बालबालिकालाई स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुशासन र समुन्नतिको प्रचण्ड अठोट

**मनहरि तिमिल्सिना**

काठमाडौं, १६ साउन (रासस)।

व्यक्तिगत र सामाजिक जीवनमा भ्रष्ट आचार एवं व्यक्तिका हरेक खराब आचरणलाई भ्रष्टाचार शब्दावलीले संकेन्द्रित गर्दछ। आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एवं नैतिक दृष्टिले असल मार्गको अनुशरण गर्नु सदाचार भएजस्तै आर्थिक अपचलन, सांस्कृतिक दृष्टिले विचलन, दैनिक जीवनमा गलत आचारण र व्यवहार प्रदर्शन, कसैप्रति दूराग्रहपूर्ण व्यवहार, असभ्य शैली र प्रस्तुति, अरूप्रति कुभलो चिताउनुजस्ता क्रियाकलाप र आचार सबै भ्रष्टाचारभित्र पर्दछन्।

भ्रष्टाचारको विषद् परिभाषा र दायरा भए पनि नेपालको सन्दर्भमा यसको परिभाषा सङ्कुचित बुझ्ने गरिएको पाइन्छ। हाम्रो सन्दर्भमा भ्रष्टाचारको मूर्त परिभाषा आर्थिक अपचलन वा अनियमितता हुने गरेको छ। राज्यको सम्पत्ति गैरकानुनी वा अनधिकृत रूपमा दुरूपयोग गर्नुलाई हामीले भ्रष्टाचारको अर्थमा लिने गरेका छौं, नेपालको सन्दर्भमा आर्थिक भ्रष्टाचार नै सबैभन्दा ठूलो चुनौती बनिरहेको छ।

**नेपालमा भ्रष्टाचारको स्थिति**

भ्रष्टाचारविरोधी अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेसनल (टिआई) ले सन् २०२० को आफ्नो प्रतिवेदन सार्वजनिक गर्दै नेपाल एसियाकै भ्रष्ट मुलुक र प्रधानमन्त्रीले भ्रष्टाचारीको संरक्षण गरेको उल्लेख गऱ्यो। देशको प्रधानमन्त्रीलाई भ्रष्टाचारीको संरक्षक किटान गर्दै सार्वजनिक गरेको उक्त रिपोर्टले देशमा सुशासनको स्थिति कस्तो छ भन्ने गहिरो प्रश्न जन्मायो। जुन प्रतिवेदनमाथि नेपालमा तीव्र क्रिया-प्रतिक्रिया मात्र भएन, तात्कालीन सरकारले पत्रकार सम्मेलन गरेरै उक्त रिपोर्टको खण्डन गऱ्यो।

सुशासन र सदाचारको प्रवर्द्धन गर्न भ्रष्टाचार नगर्ने प्रतिज्ञा गर्न निर्देशन दिने निकाय नै भ्रष्टाचारको अग्रस्थानमा रहेको टिआईले औंल्याएको थियो। टिआईद्वारा जारी ग्लोबल करप्सन ब्यारोमिटर एसियाको रिपोर्टमा नेपालका ५० प्रतिशत नागरिकले प्रधानमन्त्रीकै संरक्षणमा भ्रष्टाचार हुने गरेको दाबी गरिनु देशकै लागि गम्भीर चिन्ताको विषय थियो। ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले सन् २०२२ मा ३४ अङ्कका साथ सार्वजनिक गरेको प्रतिवेदनमा नेपाल भ्रष्टाचार हुने देशहरूको सूचीमा ११० औं स्थानमा परेको थियो। सन् २०२१ को तुलनामा नेपालले आंशिक प्रगति हासिल गर्दै ११७ बाट ११० स्थानमा झरेको थियो।

ट्रान्सपरेन्सी इन्टरनेशनलले राजनीति, वित्त, न्यायलगायत छ वटा मापदण्डको आधारमा देशहरूलाई वर्गीकरण गरी भ्रष्टाचारको सूचकाङ्क सार्वजनिक गर्ने गरेको छ। यस्तै वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्कापट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे सर्वेक्षण गरेको छ। ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का पट्टा, आयात निर्यातमा घुस र भ्रष्टाचारबारे सर्वेक्षण गर्दै आएको छ।

माथिको तथ्याङ्कबाट भ्रष्टाचार नियन्त्रण र सदाचार स्थापित गर्ने सन्दर्भमा नेपालले गम्भीर चुनौतीको सामना गरिरहेको प्रष्टिन्छ। गत पुस ११ गते माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले मुलुकको ४४ औं प्रधानमन्त्रीका रूपमा सपथ लिएसँगै भ्रष्टाचारविरोधी अभियानले तीव्रता पाएको छ। २०४६ सालको राजनीतिक परिवर्तनयता भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापित गर्ने मुद्दा पहिलोपटक सरकारको उच्च प्राथमिकतामा परेको छ। यसका कारण नागरिकमा आशाको रक्तसञ्चार हुनुका साथै सरकारको अभियानप्रति अपार समर्थन र ऐक्यवद्धता देखिएको छ।

**किन हुन्छ भ्रष्टाचार ?**

भ्रष्टाचारको क्षेत्रमा अध्ययन गरिरहेका संस्थाहरूले बेलाबखत जारी गर्ने औपचारिक र अनौपचारिक प्रतिवेदनहरूमा भ्रष्टाचारबाट सबैभन्दा आक्रान्त मुलुकहरू ती छन्, जुन मुलुकहरू आर्थिक दृष्टिले पछौटेपनको शिकार छन्, सांस्कृतिक रूपले रूढीवादी संस्कृतिको प्रभाव छ, राज्यले अवसरहरूको सिर्जना गर्न सक्दैन, मुलुकमा राजनीतिक द्वन्द्वको प्रभाव कायम छ, सङ्क्रमणकालका कारण राज्यका संयन्त्रहरू स्वचालित प्रणालीमा रूपान्तरित भइसकेका छैनन्, राजनीतिक शक्तिहरूमा त्यागको भावनाभन्दा राज्यस्रोतको परिचालनमार्फत शक्ति आर्जनको लालसा कायम रहन्छ। त्यस्ता मुलुकहरूभित्र नेपाल पनि पर्दछ।

उत्पादन र रोजगारीका दृष्टिले पछाडि रहेका मुलुकमा भ्रष्टाचार आम प्रवृत्तिजस्तै देखिन्छ। भूमण्डलीकरण प्रभाव आजको विश्वका हरेक कुनामा शीघ्रातिशीघ्र पर्ने गर्दछन्, जसले आम नागरिकमा शीघ्र धनआर्जनको मनोविज्ञानमा बढोत्तरी हुँदै जान्छ। पुँजीवादको विश्वव्यापी प्रभावसँगै नेपालले पनि यस्तो चुनौतीको सामना गरिरहेको छ, जहाँ मेहेनत र साधनाको बलमा सम्मानीत जीवन जिउनुभन्दा नैतिक वा अनैतिक हत्कण्डाबाट शीघ्र धनआर्जनको लालसा प्रोत्साहित हुन्छ।

नेपालको सन्दर्भमा राजनीतिक व्यवस्था बदलिए र जनताको जीवनमा महत्वपूर्ण प्रगति हासिल भए पनि व्यवस्थाअनुसार अवस्था बदल्ने कार्यभारमा गुणात्मक प्रगति हासिल हुन सकेको छैन। मुख्यतः उत्पादन र रोजगारीका क्षेत्रमा राजनीतिक एवं प्रशासनिक तहबाट लिइएका प्रयासहरू कामयावी हुन नसक्दा त्यसबाट मूलतः तीन चुनौती देखिएका छन्, बढ्दो व्यापार घाटा, भ्रष्टाचारको भयावह परिदृश्य र बौद्धिक एवं भौतिक शक्तिको पलायन। यी तीन चुनौतीलाई अवसरमा बदल्ने सबैभन्दा ठूलो कार्यभार उत्पादनमार्फत आत्मनिर्भरता र रोजगारी सिर्जना नै हो। यो यथार्थलाई धेरैले बोध गरेको भए पनि नीति, योजना र कार्यक्रममा कसरी अभिव्यक्त गर्ने ? यो प्रश्न आफैंमा महत्वपूर्ण नै छ।

**भ्रष्टाचारका प्रभावहरू**

जब राज्यप्रणालीले स्वचालित सामर्थ्य र चरित्र गुमाउँछ, त्यहाँ शक्तिको अनधिकृत प्रयोग हुन थाल्दछ। शक्तिको अनधिकृत प्रयोग नै भ्रष्टाचारका लागि त्यस्तो उर्भरभूमि हो, जसले संस्थागत भ्रष्टाचारलाई आमन्त्रण गर्दछ। हामीले सङ्घीय लोकतान्त्रिक शासनप्रणाली अवलम्बन गरेका छौं, जहाँ नयाँ व्यवस्थाको संस्थागत प्रणालीको जरूरी पर्दछ। सङ्घीय गणतन्त्रअनुरूप सङ्घीय ऐन र नियमहरू तर्जुमा नहुँदा हामी प्रशासनिक संक्रमणमा गुज्रिएका छौं, त्यसको प्रभाव सुशासन र सेवा प्रवाहको क्षेत्रमा परिरहेको छ। संघीय शिक्षा ऐन, सङ्घीय निजामती सेवा ऐन, सङ्घीय प्रहरी ऐनजस्ता महत्वपूर्ण ऐन निर्माणमा विलम्ब हुँदा स्थानीय तहसम्म बहुआयमिक प्रभावहरू देखिएका छन्।

आवश्यकता र स्रोतबीचको विरोधाभाषले भ्रष्टाचारको आधार खडा गर्दछ। उदाहरणका रूपमा; एउटा सरकारी कार्यालयमा २० जनाको दरबन्दीमा आवेदन खुल्छ, जहाँ १००० जनाले आवेदन भर्दछन्। आवेदन भरेकाहरू सबै उक्त नियुक्तिका लागि योग्य छन्, तर राज्यको सामर्थ्य २० जनालाई मात्रै नियुक्ति दिनसक्ने छ। दौडमा रहेका एक हजार जना सबैजसो शक्ति केन्द्र धाउँछन् र आफ्नो पहुँच र सामर्थ्यअनुसार शक्तिको अभ्यास गर्दछन्। अनि, नियुक्त हुन नसकेका ९८० जना शक्तिको अभ्यासमार्फत सेवा प्रवेशको प्रयत्नमा निरन्तर लागिरहन्छन्, यता राजनीतिक शक्तिहरूका लागि शक्ति विस्तारमा क्रियाशील कार्यकर्ताको आवश्यकता पर्दछ, त्यो आवश्यकता तिनै व्यक्तिहरूले पूरा गरिदिन्छन्, जो शक्तिको अभ्यासमार्फत आफ्नो भविष्यको खोजी गरिरहेका छन्। यसरी राजनीति र राज्ययन्त्र दुबै विशाक्त हुँदै जाँदा भ्रष्टाचार अनियन्त्रित महारोगका रूपमा संक्रमित हुँदै जान्छ।

बहुदलकाल यताका भ्रष्टाचार काण्डहरू हेर्दा राजनीतिक संरक्षण र प्रशासनिक व्यवस्थापनमा भ्रष्टाचार मौलाएको देखिन्छ। राजनीतिक क्षेत्रमा देखिएको मनोवृत्ति हेर्दा पार्टी ठूलो बनाएर चुनाव जित्ने, चुनाव जितेर राज्यका साधनस्रोत अनधिकृत रूपमा कब्जा गर्ने, उक्त स्रोतले कार्यकर्ता परिचालन गर्ने, कार्यकर्ता परिचालन गरेर पार्टी ठूलो बनाउने, अनि ठूलो पार्टी बनाएर फेरि चुनाव जित्ने र सरकार बनाउने। यहीं प्रक्रियाको गोलचक्करमा पार्टीहरू जति ठूलो हुँदै जान्छन्, राज्य त्यति नै कमजोर हुँदै जान्छ। आज भ्रष्टाचारका जुन-जुन प्रकरण सतहमा आएका छन्, त्यहाँ यही प्रवृत्तिले काम गरेको देखिन्छ।

कुनै एउटा संयन्त्र वा क्षेत्रमा भएको भ्रष्टाचारले उक्त क्षेत्र मात्र प्रभावित गर्दैन, त्यसले राज्यको सिङ्गो संयन्त्रमाथि प्रभाव राख्दछ। भ्रष्टाचारले राज्यका संयन्त्रहरू कमजोर हुँदै जाँदा सेवा प्रवाह प्रभावित हुन थाल्दछ, नागरिकको राज्यप्रतिको अपनत्व र विश्वास शिथिल हुँदै जान्छ। जब राज्यप्रति नागरिकको विश्वास कमजोर हुन्छ, लोकतन्त्रमाथि प्रहार सुरू हुन्छ। लोकतन्त्र नै कमजोर भएपछि व्यवस्था विरोधीहरू शक्तिशाली हुँदै जान्छन्। राष्ट्रिय राजनीतिमा जुन शक्तिहरू विस्तारित भएका छन्, त्यसमा आम नागरिकमा व्याप्त निरासा, लोकतन्त्रमाथि संशय र व्यवस्थाविरोधी विचार र शक्तिको प्रभाव विस्तार जिम्मेवार छ।

**भ्रष्टाचार नियन्त्रणका शर्तहरू**

भूमण्डलीकृत विश्वको प्रभावबाट आम नागरिकका आकांक्षामा गुणात्मक बढोत्तरी भएको छ। तर, राज्यको सामर्थ्य र व्यवस्थापनको पक्ष कमजोर हुँदा अवसरहरूको सिर्जना हुन सकेको छैन। अवसरहरूको सिर्जनामा गत्यावरोध पैदा हुँदा सीमित स्थानमा कल्पना नै गर्न नसकिने प्रतिस्पर्धा संकेन्द्रित छ। त्यस्तो प्रतिस्पर्धामा शक्तिको अभ्यास हुन थाल्दछ। तसर्थ, भ्रष्टाचार नियन्त्रणका लागि सबैभन्दा ठूलो शर्त अवसरहरूको सिर्जना र नागरिकको सहज जीवनवृत्ति नै हो। यस प्रकृतिको चुनौती एकाध वर्षमा समाधान गर्न सकिने विषय होइन, तर राज्यले रणनीतिक योजनाका साथ काम गर्दा असम्भव छैन।

भ्रष्टाचार नियन्त्रणको अर्को आधार श्रम संस्कृति निर्माण र श्रमप्रतिको सम्मान हो। नैतिक वा अनैतिक जुनसुकै स्रोतबाट धन आर्जन गरिए पनि सामाजिक मर्यादामा कुनै अन्तर नपर्ने भएपछि जति ठूलो भ्रष्टाचारी, उति नै ठूलो सामाजिक मर्यादाको स्थिति बन्दछ। तसर्थ, भ्रष्टाचार निरूत्साहित गर्ने र श्रमको सम्मान गर्ने संस्कृतिबाट मात्र भ्रष्टाचार नियन्त्रणमा सफलता प्राप्त गर्न सकिन्छ।

भ्रष्टाचारको अन्त्यका निम्ति राजनीतिक शक्तिहरूमा दृढ अठोट र प्रतिवद्धता चाहिन्छ। बरू पार्टी कमजोर होस्, तर राज्य कमजोर बन्न नदिनु हाम्रो आधारभूत जिम्मेवारी हो भन्ने सामूहिक विचार, मनोविज्ञान र आचारबिना राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रणको सङ्कल्प पूरा गर्न सक्दैनन्। आजको परिस्थितिमा यो निकै ठूलो चुनौती हो। राजनीतिक एवं प्रशासनिक सङ्क्रमणकालको अन्त्य गरेर भ्रष्टाचार नियन्त्रणमा पहल लिन अपरिहार्य छ। तसर्थ, सङ्घीयताको व्यवस्थापन र सुदृढीकरणका निम्ति आवश्यक पर्ने कानुन निर्माणमा विलम्ब गर्नु हुँदैन, जुन कार्यभार सरकारको मात्र नभएर संघीय संसदको सामूहिक कार्यभार हो। यसतर्फ संसदका दलहरूले गम्भीरतापूर्वक सोच्नुपर्दछ।

भ्रष्टाचार निवारण ऐन २०५९ विद्यमान रहे पनि भ्रष्टाचारका नयाँ-नयाँ आयाम र आधुनिक प्रविधिसामु यो पर्याप्त देखिँदैन। भ्रष्टाचारको आधारभूत प्रमाणको निक्यौंल गर्ने कुरामा समेत हाम्रा पर्याप्त अपूर्णताहरू छन्, जसले भ्रष्टाचार नियन्त्रण एक नीतिगत र सामाजिक जिम्मेवारीभन्दा पनि प्राविधिक दण्डका रूपमा संकुचित भएको छ।

सुशासनका लागि प्रशासनिक सुधार, कर्मचारी व्यवस्थापन, अनुगमन र मूल्याङ्कन प्रणाली जस्ता विषयहरूको पनि महत्वपूर्ण भूमिका रहन्छ। राज्यका संरचनाहरूको व्यवस्थित परिचालन र अनुगमनको प्रणालीबाट समेत भ्रष्टाचार नियन्त्रणमा कमी ल्याउन सकिन्छ। कर्मचारी प्रशासनमा दण्ड र पुरस्कारको प्रणालीमार्फत यसको सुधार सम्भव छ।

**प्रचण्ड प्रयास र सङ्कल्प**

प्रचण्ड नेतृत्वको सरकार सामाजिक न्याय, सुशासन र सामाजिक न्यायको प्राथमिकतासहित बदलिएको व्यवस्थाअनुसार जनताको अवस्था बदल्न, देशमा सुशासन र समुन्नतिको जग बसाल्न सक्रिय छ। पछिल्लो सात महिनाको प्रगतिले यही यथार्थ प्रमाणित गर्दछ। नक्कली भुटानी शरणार्थी प्रकरणका अभियुक्तहरू कानुनी कठघरामा तानिएका छन्, ललिता निवास प्रकरणका अभियुक्तहरू कार्वाहीको प्रक्रियामा छन्, पछिल्लोपटक १०० किलो अवैध सुन बरामद गरी अनुसन्धान भइरहेको छ।

विभिन्न साना-ठूला घटनाका अभियुक्तहरू कानुनी दायरामा ल्याइएको छ। मिटरब्याजसम्बन्धी कानुन संसदबाट पारित गरी अभियुक्तहरूमाथि छानबिन गर्ने, सामान्य प्रकृतिका घटनामा मेलमिलाप र गम्भीर प्रकृतिका मुद्दाहरूमा कार्वाहीको थालनी भएको छ। सरकारको पहलबाट नागरिकमा आशाको रक्तसञ्चार पैदा भएको छ, देशमा सरकार छ भन्ने अनुभूतिका साथै देशभित्रै भविष्य देख्ने परिस्थिति निर्माण हुँदैछ।

भ्रष्टाचारविरोधी अभियान सरकार र राजनीतिक दलको घेराभित्र मात्रै सीमित नभएर आम नागरिकको मुद्दा बनिसकेको छ। सरकारको कदमप्रति व्यापक समर्थन र खबरदारी देखिएको छ। भ्रष्टाचारका अरू फाइलहरू पनि खोल्न सरकारलाई नागरिकको नैतिक बल पैदा हुँदै गएको छ। सुशासन र सदाचार चाहने सबै राजनीतिक दल र सामाजिक क्षेत्रका व्यक्तित्वहरू सरकारको पक्षमा देखिएका छन्। यो आफैंमा राष्ट्रिय एकताको आधारसमेत हो।

सरकारको अभियानबाट भ्रष्टाचारका हिमायती शक्ति र प्रवृत्ति त्रसित देखिन्छ। उनीहरू जुनसुकै मूल्यमा पनि यो अभियान रोकेर आफू सुरक्षित हुन चाहन्छन्। तसर्थ, भ्रष्टाचारविरोधी अभियानको विषयान्तर गर्ने प्रयत्नसमेत भइरहेको छ। सरकारले आफूसम्बद्ध अभियुक्तहरू संरक्षण गरी प्रतिपक्षीतर्फ मात्रै सोझिएको कूतर्क गरिँदैछ। तर, तथ्यले त्यसको खण्डन गर्दछ। भुटानी शरणार्थी, ललिता निवास र सुनकाण्ड प्रकरणमा जे-जति मानिसहरू

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# स्तनपान सप्ताह : 'छ महिनासम्म शिशुलाई आमाको दूधमात्र खुवाउनू'

काठमाडौँ, १६ साउन (रासस)।

नेपालसहित विश्वभरि नै मंगलबारदेखि 'विश्व स्तनपान सप्ताह' मनाउन थालिएको छ। 'स्तनपानमैत्री कार्यस्थलको सुनिश्चितता सबै सरोकारवालाहरूको प्रतिबद्धता' भन्ने मूल नाराका साथ उक्त सप्ताह मनाउन थालिएको हो।

काममा फर्किनुपर्ने कारणले स्तनपानलाई निरन्तरता दिन र नियमित बनाउन स्तनपान गराउने आमाले चुनौती ब्यहोर्दै आउनुपरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यस्थलमा स्तनपानका लागी सहज वातावरण बनाइदिनु सम्बन्धित सबैको जिम्मेवारी रहेको जनाएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले शिशु जन्मिएपछि जतिसक्दो चाँडो (एक घण्टाभित्र) मा आमाको दूध खुवाउन आमालाई आग्रह गरिएको बताउनुभयो। उहाँका अनुसार शिशुलाई आवश्यक पर्ने सम्पूर्ण पौष्टिक तत्व आमाको दूधमा पाइने हुनाले शिशु जन्मेदेखि छ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउनुपर्छ।

नेपालमा अझै पनि ४५ प्रतिशत शिशुलाई जन्मेको एक घण्टाभित्र स्तनपान नगराइएको पाइएको छ। जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२ प्रतिवेदनमा ५५ प्रतिशत शिशुलाई मात्र जन्मेको एक घण्टाभित्र स्तनपान गराइएको छ। दस शिशुमध्ये छ जनालाई जन्मेपछि पहिलो दुई दिनसम्म पूर्ण स्तनपान गराइएको पाइएको छ।

परोपकार स्त्री तथा प्रसूति रोग अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले तुलनात्मकरूपमा आमाले शिशुलाई स्तनपान गराउनेको सङ्ख्यामा कमी आएको बताउनुभयो। उहाँले बढ्दो सहरीकरण र कार्यालयमा महिलाहरू व्यस्त हुने गरेकाले शिशुले पर्याप्त मात्रामा स्तनपान गर्न नपाएको उल्लेख गर्नुभयो।

"एक त स्तन बिग्रिन्छ भनेर धेरै आमाहरूले शिशुलाई स्तनपान नगराउने पाइएको छ," निर्देशक डा अधिकारीले भन्नुभयो, "अर्को कुरा धेरै आमाहरूले काम गर्नुपर्ने भएकाले उक्त समयमा शिशुलाई स्तनपान गराउन पाउँदैनन्।" आमाको दूधले शिशुलाई विभिन्न रोगसँग लड्नसक्ने क्षमता बढाउने गरेको उहाँको भनाइ थियो। सन् २०२२ को प्रतिवेदनमा नेपालमा छ महिनाभन्दा मुनिका ५६ प्रतिशत शिशुलाई पूर्णरूपमा स्तनपान गराइएको छ।

जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ को प्रतिवेदनमा ६६ प्रतिशतले शिशुलाई जन्मेको छ महिना भित्रसम्म स्तनपान गराइएको उल्लेख गरिएको थियो।

अस्पतालका प्रमुख बालरोग विशेषज्ञ डा कल्पना उपाध्याय सुवेदीले सन् २०१६ को तुलनामा २०२२ मा छ महिनासम्म शिशुलाई स्तनपान गराइएको बताउनुभयो। उहाँले कार्यस्थलमा नै शिशुलाई स्तनकक्षाको अभाव र धेरै जसोमहिला जागिरे भएकाले विगतभन्दा १० प्रतिशत कम शिशुलाई स्तनपान गराइएको उल्लेख गर्नुभयो।

"आजकाल आमाहरू पनि धेरैजसो जागिर गर्न थाल्नुभयो। अर्को कुरा विभिन्न बाहिरी दूधको प्रयोग बढेर पनि स्तनपान घटेको हो", डा उपाध्याय सुवेदीले भन्नुभयो।

उहाँले आमालाई स्तनपान गराउनका लागि जनचेतना जगाउनाका साथै कार्यालयमा स्तनपान कक्षको व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। स्तनपानबाट बच्चामा उच्च रक्तचाप, मधुमेहजस्ता रोग लाग्नबाट बचाउनाका साथै आमालाई रक्तस्राव कम, डिप्रेसनका साथै डिम्बाशय तथा स्तन क्यान्सरबाट बचाउन मद्दत गर्ने बताउनुभयो।

शिशुलाई कुपोषणबाट जोगाउनका लागि निरन्तर छ महिना स्तनपान गराउनु पर्दछ। यस्तै शिशुलाई जन्मेदेखि छ महिना पूरा नभएसम्म आमाको दूधमात्र खुवाउने, छ महिना पूरा भएपछि पूरक खानाका साथसाथै कम्तीमा दुई वर्षसम्म निरन्तर स्तनपान गराउनु पर्दछ।

चिकित्सकको सल्लाह विना शिशुलाई आमाको दूधबाहेक अन्य कुनै किसिमको दूध नखुवाउन र दूधदानीको प्रयोग नगर्न पनि मन्त्रालयले अनुरोध गरेको छ। आमको दूध शिशुका लागि सर्वोत्तम आहार हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमता बढाउने गर्दछ र स्तनपानले महिलाहरूमा स्तन क्यान्सर हुने जोखिमलाई पनि कम गराउन मद्दत गर्दछ। मंगलबारदेखि यही साउन २२ गतेसम्म सप्ताह कार्यक्रम गरी दिवस मनाइने भएको छ।

---

## *सुशासन र समुन्नतिको...*

अनुसन्धानको दायरा तानिएका छन्, जे-जति मानिसहरू अनुसन्धानको घेरामा छन्, त्यहाँ कुनै अमुक विचार वा शक्तिनिकटका मानिसहरू मात्रै नभएर कानुन र प्रमाणले शंकाको घेरामा परेका सबै पक्ष र प्रवृत्ति छन्। कोही पनि दोषीले उन्मुक्ति पाउँदैनन् भन्ने प्रधानमन्त्री र गृहमन्त्रीको प्रतिवद्धता व्यवहारमा प्रमाणित हुँदै आएको छ।

आम नागरिकमा भ्रष्टाचारविरोधी अभियान रोकिन नहुने र उच्च राजनीतिक तहमा समेत अनुसन्धान गर्नुपर्ने सकारात्मक खबरदारी देखिन्छ, यसले सरकारलाई उर्जा प्रदान गरिरहेको छ। प्रधानमन्त्रीको दृढ अठोट छ- भ्रष्टाचारविरोधी अभियान कुनै एक्सन मात्र नभएर यो आम विचार र प्रवृत्तिका रूपमा लिनुपर्दछ, नयाँ संस्कृतिको आधारका रूपमा विकसित गर्नुपर्दछ। जस्तासुकै चुनौतीहरू आउन्, सरकार चुक्दैन, झुक्दैन। भ्रष्टाचारविरोधी अभियानमा आफ्ना वा अरू भनिने छैन, निर्दोष पर्दैनन्, दोषीले उन्मुक्ति पाउँदैनन्। "यसपटक राम्रो मात्रै गर्छु, नराम्रो कुनै पनि काम गर्दिनँ" भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति र व्यवहारमा त्यही संकल्प र अठोट अन्तरनिहीत छ।

**निष्कर्ष**

भ्रष्टाचार विकासको दिशामा अग्रसर अल्पविकसित र विकासशील राष्ट्रहरूको साझा चुनौती हो। यस चुनौतीको सम्बोधनका निम्ति साझा अवसरहरूको सिर्जना, आदर्श श्रम संस्कृतिको निर्माण, भ्रष्टाचारविरूद्ध जागरण, सङ्क्रमणको अन्त्य, स्वचालित राज्यप्रणाली र संरचनाहरूको निर्माणजस्ता पक्षहरू महत्वपूर्ण रहन्छ।

वर्तमान सरकारले भ्रष्टाचार निवारण र सुशासनका निम्ति जे-जस्तो लिइरहेको छ, त्यसभित्र समुन्नत राष्ट्र निर्माणको बृहत्तर दृष्टिकोण, विचार र सङ्कल्प अन्तर्निहित छ। यसरी विश्व इतिहासमा भ्रष्टाचारविरोधी अभियानले ठूल-ठूला परिवर्तन सम्भव तुल्याएको छ। समुन्नत नेपाल निर्माणका निम्ति सरकारको कदम अन्तर्राष्ट्रिय महत्वको रहन्छ। तसर्थ, भ्रष्टाचारविरूद्धको महालडाइँलाई त्यही उचाइका साथ आत्मसात् गर्दै रचनात्मक खबरदारीसहितको ऐक्यबद्धता आजको राष्ट्रिय आवश्यकता हो र हुनुपर्दछ। *(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुनुहुन्छ)*

---

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्यान्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

---

## विश्व समाचार

### सधैं मागेर निर्वाह हुँदैन : पाकिस्तानी सेना प्रमुख

इस्लामावाद, १६ साउन (रासस/एएनआई)।

पाकिस्तानी सेना प्रमुख सैयद असिम मुनीरले चरम आर्थिक सङ्कट झेलिरहेको आफ्नो मुलुक आत्मनिर्भर बन्न अतिआवश्यक भएको बताउनुभएको छ। साथै उहाँले सधै मागेर निर्वाह नहुने बताउनुभएको छ।

पाकिस्तानको सर्वकालीन मित्र चीनबाट अर्को ऋण प्राप्त हुन लागेका बेला सैन्य प्रमुख मुनीरको यो भनाइ सार्वजनिक भएको हो। पाकिस्तानले हालै अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ)बाट पनि केही ऋण प्राप्तिको सुनिश्चितता गरेको छ।

सोमबार खानीवाल मोडल कृषि फार्मको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पाकिस्तानका सेना प्रमुख मुनिरले पाकिस्तानी देशको गर्व, जोश र जाँगर भएका प्रतिभाशाली नागरिकको देश हो अब हामीले 'भिखारीको कचौरा फालेर' आत्मनिर्भर हुनैपर्छ भन्नुभयो। सहयोग मागेरमात्र निर्वाह नहुनेमा जोड दिँदै उहाँले भिक्षा माग्ने कचौरा फाल्नुपर्ने बताउनुभएको हो।

सुरक्षा र अर्थतन्त्र एकअर्कासँग गाँसिएका र अपरिहार्य रहेका उल्लेख गर्दै उहाँले ईश्वरको आशीर्वाद पाएको पाकिस्तानलाई संसारको कुनै पनि शक्तिले प्रगति गर्नबाट रोक्न नसक्ने बताउनुभयो। साना किसान लाभान्वित हुने गरी हरित क्रान्तिसँगै कृषि क्रान्ति अपरिहार्य भएको उहाँको कथन थियो।

पाकिस्तानी प्रधानमन्त्री शेहबाज शरीफले हालै दिनुभएको जानकारीअनुसार चीनबाट पाकिस्तानले ६० अर्ब अमेरिकी डलर अतिरिक्त ऋण प्राप्त गर्दैछ। आईएमएफबाट पनि पर्याप्त रकम ऋणस्वरुप प्राप्त हुँदैछ। नौ महिनामा सुधारका समग्र कार्यक्रम कार्यान्वयन गर्नुपर्ने शर्तका साथ तीन अर्ब अमेरिकी डलरको प्याकेज उक्त वित्तीय संस्थाबाट प्राप्त हुँदैछ।

यो वर्षको जुलाईमा पाकिस्तान सरकारको ऋण दुई अर्ब ४४ करोड अमेरिकी डलर पुगेको छभने चीनसँगको २.०७ अर्ब अमेरिकी डलर छ।

### सैनिक सरकारद्वारा नेत्री सूचिलाई आंशिक माफी

याङ्गुन, १६ साउन (रासस/एएफपी)।

हिरासतमा रहनुभएकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सूचिलाई सैनिक सरकारले आंशिक माफी दिएको छ। उहाँमाथि लगाइएका पाँच वटा आपराधिक मुद्दामा माफी दिइएको म्यान्माको सरकारी सञ्चारमाध्यमले जनाएको छ। यद्यपि उहाँले अझै १४ अन्य वटा मुद्दा खेप्नुपरेको छ।

भोलि बुधबार पर्ने आषाढ पूजाका अवसरमा मंगलबार सात हजार बन्दीलाई रिहाइको घोषणा गरेसँगै ७८ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता सूचि विरुद्धका पाँच वटा मुद्दालाई मुल्तवीमा राखेर क्षमादान गरिएको हो।

राज्य प्रशासन परिषद्का अध्यक्षले सूचिलाई माफी दिनुभएको सरकारी खबरमा भनिएको छ। उहाँमाथि भ्रष्टाचार, गैरकानुनीरूपमा सञ्चार उपकरण 'वाकिटकी' राखेको तथा कोरोना भाइरसविरुद्धका नियम पालना नगरेकोलगायत अपराधमा दोषी ठहर गर्दै ३३ वर्षको कारबासको सजाय तोकिएको छ।

दुई वर्षअघि नेश्नल लिग फर डिमोक्रेसीकी नेत्री सूचिको सरकारलाई अपदस्थ गरेयता म्यान्माका विभिन्न भागमा त्यसको विरोधमा उत्रेकामाथि सैनिक सरकारले व्यापक धरपकड एवम् दमन गरेको छ भने समग्र देश रक्तपातपूर्ण हिंसाको चपेटामा परेको छ।

सैनिक शासनविरुद्धको आन्दोलनमा करिब छ हजार सर्वसाधारण मारिएका छन् भने हजारौँ घाइते भएका विवरण सार्वजनिक भएका छन्। म्यान्माका स्थानीय निकायले तीन हजार आठ सय जनाभन्दा बढीले ज्यान गुमाएका बताएको छभने सैनिक अधिकारीले त्यो सङ्ख्या पाँच हजारको हाराहारीमा पुगेको जनाएका छन्।

म्यान्माको सैनिक सरकारले सङ्कटकालीन छ महिना लम्ब्याउँदै आम निर्वाचनमा विलम्ब हुने सङ्केत गरेको छ। संविधानतःसङ्कटकालीन अवस्था अन्त्य भएको छ महिनाभित्र आम निर्वाचन गराउनुपर्छ। म्यान्मा परिषद्का कार्यवाहक अध्यक्ष मिन्ट स्वेले मंगलबारदेखि छ महिनासम्म सङ्कटकाल थपिएको सोमबार घोषणा गरेका थिए।

### पाकिस्तानमा आत्मघाती आक्रमण गरेको आईएसको दाबी

खार, १६ साउन (रासस/एएफपी)।

इस्लामिक स्टेट (आईएस)ले पाकिस्तानको उत्तरपश्चिमी खैबर पख्तुनख्वा प्रान्तमा आइतबार आत्मघाती आक्रमण गरेको दाबी गरेको छ।

खैबर पख्तुनख्वामा जमियत उलेमा-ए-इस्लाम-फजल राजनीतिक दलका समर्थकको राजनीतिक भेलामा भएको आत्मघाती आक्रमणमा २३ जना बालबालिकासहति ५४ जनाको मृत्यु भएको थियो। करिब चार सय जना नेता तथा कार्यत्रकर्ता भेला भएको स्थानमा एक जना आत्मघाती आक्रमणकारीले आफूले लगाएको बारुदको ज्याकेट विष्फोट गराएको थियो।

सोमबार एक विज्ञप्ति निकालेर आईएसले आक्रमणको जिम्मेवारी लिएको हो। उक्त समूहले धार्मिक नेताहरूलाई आक्रमणको निशान बनाउने चेतावनी दिँदै आएको थियो। गत जनवरीमा पेशावरको प्रहरी परिसरमा भएको यस्तै प्रकृतिको आत्मघाती हमलामा ८० जना प्रहरी अधिकृतका ज्यान गएको थियो।

अफगानिस्तानमा तालिवानले सत्ता कब्जा गरेयता छिमेकी पाकिस्तानमा हिंसाका घटना बढेका छन्। इस्लामावाले त्यसमा काबुलको संलग्नता रहेको आरोप लगाएको छभने अफगानिस्तानले त्यसको खण्डन गर्दै आएको छ।

# डेङ्गी सङ्क्रमण : १० जिल्लामा मात्र ८७ प्रतिशत बिरामी

काठमाडौँ, १६ साउन (रासस) ।

डेङ्गी भाइरसको सङ्क्रमण पाँच हजारभन्दा बढीमा देखिएको छ । तीमध्ये आधा जति सुनसरी जिल्लामा देखिएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीका अनुसार गत पुसयता मात्र पाँच हजार छ सय ८८ जनामा सङ्क्रमण देखिएको छ । सबैभन्दा बढी सुनसरी जिल्लामा तीन हजार चार सय ८६ जनामा डेङ्गीको सङ्क्रमण देखिएको छ ।

उहाँले लगातार परिरहेको पानीले गर्दा र सरसफाइमा ध्यान नदिँदा सङ्क्रमण दैनिक बढिरहेको बताउनुभयो । यही साउन १० गते चार हजार छ सय १९ जनामा देखिएको सङ्क्रमण त्यसपछिको पाँच दिनमा त्यो सङ्ख्या बढेर पाँच हजार छ सय ८८ मा पुगेको छ ।

डेङ्गी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गी रोग लाग्दछ ।

यसपटक कोशी प्रदेशमा सङ्क्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा तीन हजार आठ सय २१, बागमती प्रदेशमा नौ सय ६२, गण्डकी प्रदेशमा तीन सय ५७, सुदूरपश्चिम प्रदेशमा तीन सय २५, लुम्बिनी प्रदेशमा एक सय ७०, कर्णाली प्रदेशमा २७ र मधेस प्रदेशमा २६ जनामा सङ्क्रमण देखिएको छ ।

**१० जिल्लामा बढी सङ्क्रमण**

नयाँ देखिएका बिरामीमध्ये चार हजार नौ सय ३९ (८७ प्रतिशत) बिरामी १० जिल्लाका रहेका छन् ।

सबैभन्दा बढी सुनसरी जिल्लामा तीन हजार चार सय ८६, धादिङ छ सय ५५, कास्की दुई सय आठ, दार्चुला एक सय ९१, काठमाडौं ९६, सङ्खुवासभा ७५ जना, म्याग्दी ५८, मोरङ ५७, कञ्चनपुर ५७ र झापा ५६ जनामा डेङ्गीका बिरामी भेटिएका छन् ।

नेपालमा पहिलो पटक सन् २००४ मा एक जनामा डेङ्गी देखिएको थियो । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ ।

यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ ।

पुसयता डेङ्गी सङ्क्रमणबाट चार जनाको मृत्यु भएको छ । अहिलेसम्म डेङ्गी सङ्क्रमण ७० जिल्लामा पुगेको छ ।

# युवकको शव फेला

लहान, १६ साउन (रासस) ।

सिरहाको गोलबजारमा अन्दाजी २५ वर्षीय एक युवकको शव फेला परेको छ । गोलबजार नगरपालिका–२ गागन खोलाको पश्चिम किनारमा मंगलबार बिहान युवकको शव फेला परेको प्रहरीले जनाएको छ ।

गागन खोला किनारको झाडीमा शव देखेपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेका थिए । शवको प्रकृति हेर्दा युवकको हत्या गरी फालिएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । टाउकामा चोट लागेको र घाँटीमा गम्छा बाँधिएको अवस्थामा शव भेटिएकाले हत्या भएको हुनसक्ने गोलबजार इलाका प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता (डिएसपी) रवीन्द्रराज पाण्डेले भन्नुभयो, "अन्यत्र कतै हत्या गरी शव झाडीमा फालिएको हो कि भन्ने शङ्का छ । प्रहरीले घटनाको सम्बन्धमा अनुसन्धान सुरु गरिसकेको छ ।"

### एक रुपैयाँ ...

नलागि एक्ताबद्ध भई अघि बढ्न पार्टीका स्थानीय नेता कार्यकर्तालाई आग्रह समेत गरे ।

प्रदेश प्रहरी परिचालन मेरोलाई आफ्नो विशेष प्राथमिकतामा रहने बताउँदै उनले संघीय सरकारको कानुनसँग नबाझिने गरी कानुन निर्माण र संशोधन गरी प्रदेश सरकारले आफ्नै प्रहरी परिचालन गर्ने जानकारी दिए ।

प्रदेशको विकासका सम्भावनाहरुलाई अध्ययन गरी जनताका आवश्यक्ता अनुसार प्रदेशको शासनसत्ता संचालन गर्ने कानुन निर्माण गर्ने उनको भनाई थियो ।

सम्मान कार्यक्रममा कांग्रेस सप्तरीका सभापति रामदेव साह, सचिव सनत मण्डललगायतले शुभकामना दिँदै पार्टीबाट प्रतिनिधित्व गरेका मधेश प्रदेशका मन्त्रिहरुले जनहीतमा नयाँ नयाँ नीति र कार्यक्रम ल्याउने विश्वास व्यक्त गरेका थिए ।

# लम्पी स्किन रोगबाट मधेशमा दुई हजार बढि पशु मरे

महेन्द्रनगर (धनुषा), १६ साउन (रासस) ।

लम्पी स्किन रोगका कारण मधेस प्रदेशमा दुई हजारभन्दा बढी पशु मरेका छन् । प्रदेशका आठवटै जिल्लामा यस रोगका कारण गाईवस्तुको व्यापक क्षति भएको हो ।

जनकपुरधाममा सोमबार आयोजित कार्यक्रममा लम्पी स्किन रोगका कारण मधेस प्रदेशमा दुई हजार बढि गाईवस्तु मरेको तथ्याङ्कले सार्वजनिक गरियो । मधेस प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले उपलब्ध गराएको जानकारीअनुसार सिरहामा सबैभन्दा बढी एक हजार एक सय १८ गाईभैंसी मरेका छ भने पर्सामा सबैभन्दा कम दुई वटा मरेको छ ।

लम्पी स्किनका कारण सबैभन्दा बढी गाई/गोरु मरेका छन् । मरेका दुई हजार २५ पशुमध्ये भैंसी/राँगा मात्र छ वटा र दुई हजार १९ वटा गाई/गोरु रहेका छन् । मधेस प्रदेशका आठवटै जिल्लामा हालसम्म ४५ हजार आठ सय २५ पशुलाई लम्पी स्किनविरुद्धको खोप लगाइ सकिएको पशु अधिकृत चिकित्सक डा रञ्जितकुमार अधिकारीले बताउनुभयो ।

अझै सप्तरी, सिरहा, महोत्तरी र पर्सामा खोप लगाउन सुरु गरिएको छैन भने सर्लाहीमा सबैभन्दा बढी १२ हजार तीन सय २५ पशुलाई खोप लगाइएको छ । सोमबार रोग विरुद्धको खोप अभियानलाई जनकपुरधामस्थित सीताराम गाई गौशालामा उद्घाटन गर्दै मधेस प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले मधेस सरकारले आठवटै जिल्लामा आठ/आठ हजारको दरले कूल ६४ हजार खोप पठाएको जानकारी दिनुभयो ।

मन्त्री न्यौपानेका अनुसार यस्ता महामारीको दीर्घकालीन रूपमा समाधान गर्न सरकारले पहल गर्नेछ । स्थानीय सरकारले रोग विरुद्धको खोप आफ्नो पहलमा लगाइरहेको भए पनि प्रदेश सरकार अभियानका रूपमा खोप लगाउन सुरु गरेपछि रोग नियन्त्रण हुने विश्वास लिइएको छ ।

# प्रतिनिधिसभाको बैठक स्थगन

काठमाडौँ, १६ साउन (रासस) ।

प्रतिनिधिसभाको मंगलबारका लागि तय भएको बैठक यहि साउन २२ गतेसम्मका लागि स्थगित भएको छ ।

दिउँसो १ बजेका लागि तय भएको प्रतिनिधिसभाको बैठक नियमित सञ्चालनका लागि सभामुख देवराज घिमिरेले कार्यव्यवस्था परामर्श समितिको बैठकमा प्रमुख राजनीतिक दलका सचेतकहरूलाई आग्रह गर्नुभए पनि सहमति जुट्न सकेन ।

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले यहि साउन ३ गते सिनामङ्गलबाट बरामद भएको सुन प्रकरणबारे उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै संसद बैठक अवरुद्ध गर्दै आएको छ । कार्यव्यवस्था परामर्श समितिको बैठकमा सत्तापक्षका मुख्य सचेतकले बैठक सञ्चालन गर्न आग्रह गर्नुभएको थियो भने विपक्षी दलका प्रमुख सचेतकले उच्चस्तरीय छानबिन समिति गठन नहुँदासम्म बैठक सञ्चालन हुन नसक्ने बताउनुभएको थियो ।

सो विषयमा सहमति नभएपछि सभामुख घिमिरेले बैठक स्थगित भएको सूचना प्रकाशित गर्नुभएको हो । विशेष कारणले निर्धारित समयमा बैठक बस्न नसक्ने भएकाले अर्को मिति तय गरिएको सङ्घीय संसद सचिवालयका महासचिव डा भरतराज गौतमले जानकारी दिनुभयो । प्रतिनिधिसभाको अर्को बैठक यही साउन २२ गते सोमबार दिनको १ बजे बस्नेछ ।

# किसानलाई दुई बोरा मल ल्याउन दिन अर्थ समितिको निर्देशन

काठमाडौँ, १६ साउन (रासस) ।

अर्थ समितिले किसानलाई दुई बोरा रासायनिक मल ल्याउँदा भन्सार विन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउने अर्थमन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिएको छ । साथै सो जानकारी समितिलाई दिने समेत समितिले निर्देशन दिएको छ ।

रासायनिक मलको माग तथा आपूर्ति व्यवस्थापन बारे अर्थ समितिमा गत असार २१ गते र हिजो छलफल भएको थियो ।

"किसानको समस्यालाई मध्यनजर गरी गैर व्यापारिक निजी प्रयोजनका लागि दुई बोरा किसानले मल ल्याउँदा भन्सार बिन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउन अर्थ मन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिने र सोको जानकारी समितिलाई दिने" अर्थ समितिको निर्देशनमा भनिएको छ ।

मुख्यगरी भारतबाट भन्सार छलेर अवैध रूपमा रासायनिक मल आउने गरेको, कालोबजारी हुने गरेको र यस्तो मलको गुणस्तरको प्रत्याभूमिसमेत नहुने समस्या देखिँदै आएको छ ।

किसानले भन्सार तिरेर आफै मल ल्याउँदा यस्तो समस्या नरहने समितिको बुझाइ छ । किसानले हरेक वर्ष रासायनिक मल अभावको समस्या भोग्ने गरेकाले यसको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

मलको माग तथा आपूर्तिको तथ्याङ्क यकिन गर्न र वैकल्पिक व्यवस्थाका लागि जैविक मल प्रयोगका लागि राष्ट्रिय रणनीति तयार पार्न पनि समितिले निर्देशन दिएको छ । "मलको माग र आपूर्तिमा ठूलो फरक देखिएकाले यथार्थ तथ्याङ्क यकिन गरी माग र आपूर्तिबीच देखिएको फरकको पूर्ति गर्न अर्थमन्त्रालयसँग समन्वय गरी कार्ययोजना बनाइ लागू गर्न र समितिमा सो कार्ययोजना पेस गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ", समितिको निर्देशनमा भनिएको छ ।

समितिले रासायनिक मलको विकल्पका रूपमा जैविक र प्राङ्गारिक मलको आपूर्ति, व्यवस्था र प्रयोग सम्बन्धमा अन्य निकायसँगको आवश्यक समन्वयमा राष्ट्रिय रणनीति तयार पारी कार्यान्वयन गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको हो ।

सरकारी गोदाममा मल रहेपनि वितरणमा समस्या भइ किसानले मल नपाएको विषयबारे पनि अर्थ समितिका अघिल्ला बैठकमा छलफल भएको थियो । समितिले वितरण प्रणाली चुस्त बनाउनका लागि पनि रणनीति तयार पार्न सरकारलाई निर्देशन दिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्थानीय निकायको संयोजन गरी किसानलाई आवश्यक मलको निश्चित परिमाण, मापन र मल आपूर्तिको भरपर्दो तथा पारदर्शी वितरण प्रणालीका सम्बन्धमा स्पष्ट रणनीति बनाई त्यसको जानकारी समितिलाई समितिले निर्देशन दिएको छ ।

देशभित्रै रासायनिक मल कारखाना खोल्नेबारे हालसम्मका प्रगतिबारे समीक्षा गर्दै अघि बढिसकेका प्रक्रियाको काममा तीव्रता दिन पनि सरकारलाई समितिको निर्देशन छ । "रासायनिक मल कारखाना खोल्ने बारेमा 'अनसोलिसेटेड प्रपोजल' (आह्वान बिनै आएका प्रस्ताव) र अन्य विकल्पका बारेमा सम्भाव्यता अध्ययन गर्ने र अन्य कोही इच्छुक भए उद्योग स्थापना आह्वान गर्ने", निर्देशनमा भनिएको छ, "सरकार-सरकार (जीटुजी) मा रहेर अन्य कुनै मुलुकसँग द्विपक्षीय सम्झौताअनुसार मल आपूर्ति गर्न चाहान्छ भने स्पष्ट नीति बनाउनुपर्नेछ ।"

मल कारखाना लागि सम्भाव्यता अध्ययन यथाशीघ्र सम्पन्न गर्न र कारखाना स्थापना गर्न इच्छुक स्वदेशी तथा विदेशी लगानीकर्तालाई प्रस्ताव आह्वान गर्न लगानी बोर्डलाई निर्देशन दिने निर्णय समितिले गरेको छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*